

निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com



आपसमा भाइचारा कायम राखौं, यस महामारीबाट बच्न सरकार र समुदाय मिलेर अघि बढौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



❖ वर्ष ३४ ❖ २०७८ जेठ १९ गते बुधवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 June 02 Wednesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क २७४


## निषेधाज्ञासँगै उल्लङ्घन पनि बढ्दै

प्रस, वीरगंज, १८ जेठ/



तिलावे पुलमा सवारीसाधनको यो भीडले पनि ग्रामीण क्षेत्रमा निषेधाज्ञाको पालना कति भइरहेको छ भन्ने सङ्केत गर्दछ । योसँगै पर्सागढी नगरपालिका, जीराभवानी गाउँपालिका आदिमा निर्बाध सञ्चालन भएका पसल र बजार । तस्वीरः प्रतीक

वैशाख १६ गतेदेखि पर्सा जिल्लामा जारी निषेधाज्ञा लम्बिंदै जाँदा उल्लङ्घनका घटना पनि बढ्दैछन् ।

वीरगंज महानगरपालिकामा स्थानीय प्रहरीले घण्टाघर क्षेत्रलाई लक्षित गरेर सुरक्षा व्यवस्था कडा गरे पनि त्यसबाहेकका ठाउँहरूमा केही दिनदेखि निषेधाज्ञा खुकुलो भएको छ भने प्रहरीले पनि वास्ता गर्न छाडेको छ । प्रहरीले अहिले घण्टाघर केन्द्रित सुरक्षा अभियान चलाएको छ । केही दिनदेखि सो ठाउँ भएर आवतजावत गर्ने सवारीसाधनलाई कडाइ गरेको छ तर महानगरका अन्य ठाउँमा दुई पाङ्ग्रे, चार पाङ्ग्रे सवारीसाधन सञ्चालनमा छन् भने मानिसहरूको ओहोरदोहोर पनि उत्तिकै बढेको छ ।

अत्यावश्यक कामबाहेक घरबाहिर ननिस्कन बारम्बार चेतावनी दिए पनि मुख्य सडकको मकालु होटलदेखि बिर्तासम्म जहिले पनि भीडभाड हुँदै आएको छ । त्यसबाहेक दोस्रो तथा तेस्रो सडकहरूमा पसल आदि नियमित सञ्चालन हुँदैछन् । मुख्य सडकमा पनि आदर्शनगरदेखि घण्टाघरसम्म पसलेहरू सटर बन्द गरेर फूटपाथमा बस्ने र ग्राहक आएपछि सटर खोलेर सामान दिने गरेका छन् ।

एक साताको लागि वैशाख १६ गतेदेखि शुरू भएको निषेधाज्ञा पटक–पटक गरी लम्ब्याउँदै जेठ २० गतेसम्म पुऱ्याइएपछि अहिले वीरगंज महानगरका साथै पर्साका ग्रामीण क्षेत्रमा पनि निषेधाज्ञा उल्लङ्घन भइरहेका समाचारहरू आउन थालेका छन् ।

यसै पनि ग्रामीण क्षेत्रका केही ठाउँमा शुरूदेखि निषेधाज्ञा फितलो थियो । अहिले झनै फितलो भएको छ । ग्रामीण क्षेत्रमा चार पाङ्ग्रेबाहेक साइकल, मोटरसाइकलको यात्रा निर्बाध छ । पोखरिया नगरपालिकामा बिहान ८ बजेपछि पनि सबैखाले पसल अघोषितरूपमा खुला छन् । व्यापारीहरू आधा सटर खोलेर बसेका हुन्छन् । नजीकै सुरक्षाकर्मीहरू घुमफिर गरे पनि पसल सञ्चालकहरूलाई कुनै रोकटोक गरेको देखिंदैन ।

पर्सागढी नगरपालिकामा सबैखाले पसल निर्बाध सञ्चालनमा छन् । खाद्यान्न, लत्ताकपडासहित मदिरापसलहरू पनि पर्सागढी नगरपालिकामा सञ्चालनमा रहेका हाम्रा संवाददाता नरेश यादव बताउँछन् । शुरूदेखि नै पर्सागढीमा निषेधाज्ञा उल्लङ्घनका घटना भइरहेका छन् । बीचमा सङ्क्रमित देखिएपछि छिटपुटरूपमा पसलहरू बन्द भएपनि अहिले सङ्क्रमण कम भएपछि पुनः निर्बाध सञ्चालन भइरहेका छन् ।

यता, भारतीय सीमासँग जोडिएका पर्साका ग्रामीण क्षेत्रहरूबाट मानिसहरू निर्बाधरूपमा खुला सीमाको फाइदा उठाउँदै भारतीय बजारमा किनमेल गरी फर्कंदैछन् । घरायसी सामानदेखि पर्व, उत्सवहरूका लागि सबै सामान भारतीय बजारबाट खरीद गरेर ल्याउने नेपाली उपभोक्ताले अहिले कोरोना सङ्क्रमण र निषेधाज्ञामा पनि यो कार्यलाई निरन्तरता दिएका छन् । लकडाउनको कारण भारतीय बजार बिहान ११ बजे खुल्ने गरेको छ । तर नेपाली उपभोक्ताहरू सो बजारमा एकाबिहानै पुग्ने र ११ बजेपछि सामान खरीद गरेर नेपाल फर्कने गरेका छन् ।

सीमा क्षेत्रको मुख्य सडक आवतजावतको लागि बन्द गरिए पनि

(बाँकी तेस्रो पातामा)

## रूखमैं कुहिन थाले आँप

प्रस, सेढवा, १८ जेठ/



तस्वीरः प्रतीक

जीराभवानीमा यसपटक आँप खेती गरेकाहरूले समस्या झेल्नुपरेको छ । आँप खेती गर्दा आवश्यक कीटनाशक औषधिको उचित प्रयोग नगरेको कारण अहिले रूखमा फलेको आँप चिरा पर्न थालेका छन् ।

केही आँप वर्षा, हावाहुरीको कारण क्षति भयो भने अहिले धेरैजसो आँप रूखमैं चिरा परेका छन् र यसको कारण कीटनाशक औषधिको अनावश्यक प्रयोग भएको बताइएको छ । कृषि ज्ञान केन्द्र पर्साका बागवानी अधिकृत श्यामकिशोरप्रसाद कुर्मीले मौसममा परिवर्तन भएको कारण आँपमा विभिन्न खाले रोग र कीरा लागेको बताए । उनले आँपको रूखमा फूल लागेको समयदेखि प्रयोग गनुपर्ने कीटनाशक औषधिको सहीरूपमा प्रयोग नहुँदा अहिले आँप रूखमैं चिरा पर्न थालेको बताए ।

आँप चिरा पर्न थालेपछि त्यसमा कीरा लाग्ने गरेको छ । उनले आँपलगायतका बाली गर्ने किसानहरूले कृषि ज्ञान केन्द्रबाट सल्लाह लिएर निर्देशन पालना नगर्दा बेलाबेलामा यस्ता खाले समस्या झेल्नुपरेको प्रतिक्रिया दिए ।

जीराभवानी गाउँपालिका–३ नौकाटोलाका नन्दकिशोर साहले यस वर्ष आँप राम्रो फलेको भएपनि बेमौसमी हावाहुरी र पानीले क्षति पुऱ्याएको र बाँकी रहेको आँपमध्ये अहिले ७५ प्रतिशत रूखमैं बिग्रेको बताए ।

उनले आफूले रूखमा आवश्यक कीटनाशक औषधि तथा एन्जाइमहरू समयमैं छरेको भएपनि आँप कुहिएको कारण ठूलो घाटा हुने बताए ।

## पर्साका किसानहरु भारतीय बीउमा आश्रित

धर्मेन्द्र चौरसिया/ओमप्रकाश चौधरी, १८ जेठ/



भारतीय बजार भङ्गाहाबाट बीउ खरीद गरेर नेपालतर्फ आउँदै नेपाली किसानहरू । तस्वीरः प्रतीक

पर्सेली किसानहरू अहिले पनि भारतीय धानको बीउमा आश्रित छन् । नेपाली धानको बीउप्रति उनीहरूको विश्वास नभएको कारण अहिलेसम्म उनीहरू भारतीय धानको बीउ खरीद गरेर खेती गर्दै आएका छन् ।

निषेधाज्ञाको कारण खुला सीमा बन्द भएपनि धानखेती गर्ने किसानहरू लुकीछिपी चोर बाटो भारतीय बजारमा जाने र धानको बीउ खरीद गरेर ल्याउने गरेका छन् । पर्सा जिल्लाको थारुहट क्षेत्रमा लगाइएको चैते धान खेतीमा पनि भारतीय धानको बीउको प्रयोग भएको थियो ।

थरुहटसरह नै बजियान क्षेत्रमा हुने थोरै चैते धान खेतीमा भारतीय बीउ नै प्रयोग भएको छ भने भदैया धान खेतीको लागि बीउको ब्याड तयार गर्ने क्रममा पनि भारतीय धानको बीउ प्रयोग भइरहेको छ । पोखरियाका किसान हरेन्द्र चौहानले भारत सिड, पान छाप, गङ्गा काबेरी, सुवर्णलगायतका धानको बीउ किसानहरूले भारतबाट खरीद गरेर ल्याउने र लगाउने गरेको बताए ।

भारत र नेपालमा निषेधाज्ञा जारी भएको अवधिमा किसानहरू एकाबिहानै भारत प्रवेश गर्ने र त्यहाँको बजारबाट धानको बीउ खरीद गरेर लुकीछिपी नेपाल आउने गरेका छन् । धानखेतीको यो सिजनमा किसानहरू ठूलो सङ्ख्यामा भारत प्रवेश गर्ने र बीउ खरीद गरेर नेपाल आउने गरेको सहजै देख्न सकिन्छ ।

## प्रधानमन्त्री स्वरोजगार कार्यक्रमको बजेट फ्रिज हुने सङ्केत

प्रस, पोखरिया, १८ जेठ/



पोखरियामा प्रधानमन्त्री स्वरोजगार कार्यक्रममा खट्दै युवाहरू । तस्वीरः प्रतीक

प्रधानमन्त्री स्वरोजगार कार्यक्रममा विनियोजित भएको बजेटमध्ये आधा फ्रिज हुने सङ्केत देखिएको छ ।

पोखरिया नगरपालिकामा प्रधानमन्त्री स्वरोजगार कार्यक्रम अन्तर्गत रु २ करोड २५ लाख बजेट आएको थियो । जस अन्तर्गत एक सय दिनसम्म ४३९ जना बेरोजगार युवालाई विभिन्न कार्यमा खटाउनुपर्ने थियो तर पोखरिया नगरपालिकाले जेठ १ गतेदेखि वडाहरूमा यो कार्यक्रम अन्तर्गत युवाहरू परिचालन गरेको कारण चालू आवमा सय दिन काम गर्न सक्ने वातावरण नभएकोले आधा रकम फ्रिज हुने सङ्केत देखिएको हो ।

पोखरिया नपामा जेठ १५ गतेसम्म यो कार्यक्रमको शुभारम्भ भएको थियो । जेठ १ देखि १५ गतेसम्म १० वटा वडामा आलोपालो कार्यक्रम शुरू भएकाले असार २५ गतेसम्म सय दिने अभियान पूरा हुन नसक्ने देखिएको हो । चालू आवमा पोखरिया नपाले यो कार्यक्रम सय दिनसम्म सञ्चालन गर्नुपर्ने थियो । विकास निर्माणका विभिन्न कार्यमा बेरोजगार युवाहरूलाई सय दिनसम्म रोजगार दिएर कार्यक्रमलाई सार्थकता दिनेतर्फ नगरपालिका उदासीन रहेको कारण बजेट फ्रिज हुन लागेको हो ।

वडा, नगरस्तरमा भएका विकास निर्माण, वृक्षरोपण, नाला, बाटो, नहर सरसफाइलगायतका कार्यमा प्रधानमन्त्री स्वरोजगार कार्यक्रम अन्तर्गत युवाहरू परिचालन गर्न सकिन्थ्यो । तर त्यसो नभएकोले रु २ करोड २५ लाखमध्ये आधा रकम फ्रिज हुने देखिएको हो ।

प्रधानमन्त्री स्वरोजगार कार्यक्रम अन्तर्गत पोखरिया नपाका कार्यक्रम संयोजक विजय साहले पचास दिनभन्दा बढी काम गराउन नसकिने बताए । उनले जेठ १ गतेदेखि शुरू भएको कार्यक्रम कतिपय वडामा जेठ १५ गतेसम्म शुरू भएकाले असोज २५ गतेसम्म सय दिन नपुग्ने हुनाले बजेट फ्रिज हुने सङ्केत देखिएको बताए । चालू आवको मसान्त लाग्ने बेलामा रोजगार कार्यक्रम शुरू भएकोले सय दिन पूरा हुन नसक्ने उनको भनाइ थियो ।

## शिवशक्ति ग्रुपद्वारा खाद्यान्न सहयोग

प्रस, वीरगंज, १८ जेठ/




तस्वीरः सौजन्य

शिवशक्ति ग्रुपले वीरगंज महानगरपालिकालाई खाद्यान्न सहयोग गरेको छ । कोभिड–१९ सङ्क्रमण फैलिएसँगै पर्सा जिल्लामा निषेधाज्ञा बढ्दै गएको र गरीब, विपन्नहरूलाई खानसमेत समस्या परिरहेको बेला त्यस्ता मानिसहरूलाई राहत उपलब्ध होस् भनेर शिवशक्ति ग्रुपले ९ हजार किलो चामल, १ हजार किलो दाल, १ सय लिटर सोयाबिन तेल महानगरलाई हस्तान्तरण गरेको छ । ग्रुपका महेशजङ्ग पाण्डेले सो खाद्यान्न वीरगंज महानगरपालिकालाई आज हस्तान्तरण गरेको बताए ।

## विचारसार र सूक्तिहरू

**धेरै जोड्ने कोशिश नगर । धेरै जोड्नुको अर्थ धेरै गुमाउनु हो । रेशमको कीरा र मह पार्ने मौरीलाई हेर । धेरै जोड्ने कोशिश गर्दा कति गुमाउनुपर्दछ ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com

# यद्यपि सहयोग भइरहेको छ

**कोरोनाले जति हाहाकार मचाएको छ, सरकार त्यतिकै आत्मकेन्द्रित बन्दै गएको छ । न सत्ता, न प्रतिपक्ष कसैलाई यस महामारीको बेला जनताप्रति दायित्वको ठ्याम्मै वास्ता छैन । सरकार बेलाबेला बोल्दछ, कोरोनाप्रति सरोकार देखाएकोजस्तो गर्दछ, तर त्यो भ्काराटराईबाहेक केही साबित हुँदैन । किनकि सरकारले गर्न चाहेको भए, प्रतिपक्षीले सरकारलाई बाध्य पारेको भए, आजसम्म धेरै नागरिकलाई कोभिड-१९ विरुद्ध खोप लगाइसकिएको हुने थियो । जो सङ्क्रमित छन्, तिनको उपचारको राम्रो प्रबन्ध गरिसकिएको हुने थियो । स्वास्थ्य सचेतनाको अभावमा शहर, गाउँ, घरमा निर्धक्क घुमिरहेका मानिसको बाध्यकारी परीक्षण गरेर, कोरोनाको शृङ्खलामा रोक लागिसकेको हुने थियो । यति पनि गर्न सक्ने हुति सरकारमा नभएको त होइन । बितेको आर्थिक वर्षमा पूँजीगत र वस्तुगत खर्च थोरै मात्र भएको छ । त्यति रकमले देशका सबै अस्पतालहरूलाई व्यवस्थित बनाउन सकिन्थ्यो, दान नपाए पनि कोभिड खोप खरीद गर्न सकिन्थ्यो । तर निर्लज्जताको हद त तब देखियो जब खोप खरीद कार्यक्रम कमिशनको कारणले धरापमा पऱ्यो ।**

**तर सरकारले नगरे पनि मनकारी हातहरू, धेरैजसो पालिकाहरूले भने आफ्नो बुद्धि-बर्कतले भ्याएसम्म जनसेवा गरेका छन्, गरिरहेका छन् । सत्तामा बस्ने मानिस पनि यसै समाजका सदस्य हुन्, जुन समाजमा कसैमाथि आपत्विपत् आइपर्दा सयौं-हजारौं हात उठ्दछन् । तर सत्तामा गएपछि त्यो सहयोग र सद्भावको भावना लुप्त भएर स्वार्थ र विवादको भावना मात्र किन उकासिन्छ, नेपालको सन्दर्भमा बुझ्न नसक्नु भएको छ । आज एउटा संस्थाले आफ्नो शहरका बासिन्दाका लागि भारतबाट आवश्यक औषधि ल्याइदिन सक्छ, शहरमा कोही भोको नरहून् भनेर साँझ-बिहान नियमित भोजन उपलब्ध गराइदिन सक्छ, मास्क, सेनिटाइजरलगायत अक्सिमिटर, पिपिईजस्ता उपकरणहरू जुटाइदिन सक्छ भने सरकारले चाह्यो भने के गर्न सक्दैन ? आखिर जनताले दु:ख पायो, ज्यान गुमायो भने बदनामीको भागीदार हुने त सरकार नै हो । त्यसपछि अबगालको भागीदार प्रतिपक्षले नै बन्नुपर्छ । र यिनैलाई निर्वाचनका बेला त्यसै जनताको सहयोगको दरकार पर्दछ, जसको उनीहरूले आज अवहेलना गरिरहेका छन् ।**

**यस्तो अवस्थालाई हिजोअस्ति व्यवस्थाको दोष भन्ने आरोप लगाइन्थ्यो । तर अहिलेको नेपालको राजनीतिक व्यवस्था त विश्वकै अब्बल मानिने व्यवस्था हो । खोइ, किन जनताले सास्ती पाइरहेको छ । किन सरकार र प्रतिपक्ष अलिकति पनि चलमलाइरहेको छैन ? कोरोना महामारी हो भने आज महीनौंदेखि घरमा बन्दी बन्नुपर्ने अवस्था झन् ठूलो महामारी हो । किन सरकार एउटा महामारीको सामना गर्न अर्को महामारीको अवधान गरिरहेको छ ? के सत्तामा पुग्नेबित्तिकै सबै मानवीय संवेदना, सद्भावबाट तिनका हृदय रिक्त हुन्छन् ? कि यस्ता भावहरूको तिलाञ्जलि दिएर मात्र कोही नेता हुन्छ, सत्ताधारी हुन्छ, शासक हुन्छ ? त्यस्तो हो भने त दोष कुनै पनि राजनीतिक व्यवस्थाको होइन, व्यक्तिको हो । देखिएको पनि त्यस्तै छ । हाम्रा शासकहरूको अनुहारमा ढिपी, अहङ्कार, तुजुक छरपस्ट देखिन्छ । मानौं उपनिवेशकालीन गभर्नरका संस्करण होऊन् । सानैरूपमा भए पनि, महाअन्धकारमा जूनको टिलपिल नै भए पनि, मनकारीहरू जीवित छन्, परिस्थितिजन्य स्वार्थबाट टाढा बसेर सेवा गरिरहेका छन् । तिनको कार्य र समर्पणलाई साधुवाद !**

# कोरोना र बजेट

स्वतन्त्र विचार



विनोद गुप्ता

**कोरोनाका साथै ब्ल्याक फङ्गसबाट समेत दोहोरो मारमा परेको जनताको लागि नेपाल सरकारले बजेट ल्याएको छ । यसले पेट नभरे पनि चटनी वा अचारसम्म त सबैले केही न केही पाएकै छन् । तर देखाइएका आर्थिक सूचकाङ्कहरू तथ्यभन्दा टाढा छन् ।**

जेठ १६ गते नारायणीमा गरिएको ७७ जनाको पिसिआर परीक्षणमा ७ जना सङ्क्रमित भेटिएकाले हामी सबै खुशी छौं । प्रधानमन्त्री स्वयंले कोरोना नियन्त्रणमा आइसकेको तथ्य सार्वजनिक गरेका छन् । यस्तोमा वास्तविकता नियाल्दा भने भिन्नै अवस्था देखा पर्दछ । एक अध्ययन अनुसार नेपालको वाग्मती प्रदेशमा पर्ने राजधानीको जनसङ्ख्या २८ लाख छ र त्यहाँ पिसिआर परीक्षण गर्ने ३४ वटा प्रयोगशाला छन् । परीक्षणको यो सहजताले गर्दा काठमाडौंमा करीब ५१ प्रतिशतको परीक्षण भइसकेको छ भने सबैभन्दा बढी ६१ लाख जनसङ्ख्या भएको २ नं. प्रदेशमा सातवटा प्रयोगशालाबाट जम्मा ८ प्रतिशत जनसङ्ख्याको परीक्षण भएको छ । यस्तै प्रदेश नं. १ मा ११, गण्डकीमा ६, लुम्बिनीमा १४, कर्णालीमा ३ र सुदूरपश्चिममा ७ प्रतिशतको मात्र परीक्षण भएको छ । प्रश्न काठमाडौंमा किन बढी भयो भन्ने होइन, प्रश्न के हो भने सबैभन्दा संवेदनशील सुदूर पश्चिम र प्रदेश नं. २ मा किन कम भयो ? अझ प्रदेश २ मा त केन्द्रबाहेक प्रदेश सरकारले समेत पैसाको खोलो नै बगाएको छ । तथापि परीक्षण ८ प्रतिशतभन्दा बढ्न सकेको छैन । यसको मुख्य जवाफ विश्व बैंकको नेपाल बारेको २०२० को एउटा टिप्पणीले दिन्छ । विश्व बैंकका अनुसार नेपालमा ३१ प्रतिशत जनसङ्ख्या अर्थात् करीब ८६ लाख मानिसको प्रतिदिन आय १-३ डलरसम्म मात्र रहेकोले उनीहरू स्वास्थ्य सेवाबाट वञ्चित रहने गर्दछन् । सङ्क्रमणको पहिलो लहरमा लामो लकडाउनको कारण सम्भवत: त्यति मान्छे मरेनन्, जति भोकले गर्दा आत्महत्या गर्न बाध्य भए । तथापि त्यो बेला भ्रष्टाचार भए पनि राहत वितरण स्थानीय तहबाट हुनुका साथै मनकारी संस्थाहरूबाट पूर्ण इमानदारीका साथ राहत वितरण भएको थियो ।

सङ्क्रमित व्यक्तिहरूको मृत्यु रोगले भन्दा अस्पतालको अव्यवस्थाले भएको थियो । यति अव्यवस्थाका बावजूद कन्टयाक्ट ट्रेसिङ गरेर आइसोलेशन व्यवस्थित तवरले भएको थियो । तर नयाँ वर्षको वैशाख महीनादेखि शुरू भएको दोस्रो लहरको कोरोना बढी शक्तिशाली भएको र हाम्रो तयारी पहिलो लहरजस्तै नै रहेकोले अक्सिजन, आइसियु, भेन्टिलेटरको अभाव झेल्नुपरेको हो । अर्कोतर्फ समयमा कोरोना खोपको अनुपलब्धता जसलाई सरकारी अकर्मण्यता नै मान्नु पर्दछ, अर्को कारक तत्त्व रह्यो । पहिलो खोपले करीब ६० प्रतिशत र दोस्रो खोप लगाइसकेपछि करीब ९० प्रतिशत सुरक्षित हुने अवस्था हुँदाहुँदै कमिशनको खेलले गर्दा बित्यास पारेको हो । अमेरिकाको बोस्टनबाट प्रकाशित हुने स्टेटमेन्ट्स डट कममा नेपालका सांसद गगन थापा एवं एनवाइई हेल्थ एन्ड हस्पिटल एवं औषधि विज्ञानको माइन्ड सिनाइ स्कूल अफ मेडिसिनका रिडर डा मारूको आलेखमा गरिएको प्रक्षेणमा नेपालको कुल जनसङ्ख्याको ४० प्रतिशत सङ्क्रमित रहेको र दोस्रो लहरको भेरिएन्ट कडा सङ्क्रमण गर्ने खालको भएकोले नेपालमा उपलब्ध दुई हजार आइसियु र करीब ६ सय भेन्टिलेटरका साथै अव्यवस्थाले सृजना गरेको अक्सिजन अभावले धेरैले मृत्यु वरण गरिरहनुपरेको छ । लेखमार्फत नेपालको लागि १२० करोड एकाइ एस्ट्राजेनेकाको कोभिड खोप उपलब्ध गराउन अनुरोध गरिएको छ । तर अहिले विश्वमा चलेको खोप कूटनीतिले सृजना गरेको असमान वितरणका कारण संसारभरिका देशहरूले सय बिलियन अमेरिकी डलर गुमाइसकेका छन् ।

यो असमान वितरण खोपमा मात्रै होइन, हरेक देशको सोचमा पनि छ । नेपालकै कुरा गर्दा एकातिर सङ्क्रमण नियन्त्रणातर्फ उन्मुख रहेको भन्ने सरकारले जेठ १६ गतेदेखि खाद्यान्न पसलसमेत बन्द गर्ने गरी लकडाउन लम्ब्याएको छ भने स्वास्थ्यमन्त्रीले निषेधाज्ञाको नागरिकहरूले पूर्ण पालना नगरेकाले लकडाउन बढाउनुपरेको कुतर्क अगाडि सारेका छन् । अझ त्यसले पनि नपुगेर यस्तो कडा लकडाउनमा खाद्य संस्थान एवं साल्ट ट्रेडिङले घरदैंलोमैं खाद्यान्न पुऱ्याउने व्यवस्था गरिएको सगर्व घोषणा गर्दा आफूले खाएर टन्न अघाएका मात्रै होइन खोप र अक्सिजन सिलिन्डर लुछाचुँडी गर्ने भतुवाहरूले १००-३०० सम्म दैनिक आम्दानी हुने ८६ लाख र असङ्गठित क्षेत्रका दैनिक ज्यालामा काम गर्नेहरूले कताबाट पैसा ल्याएर मोटरमा होम डेलिभरी गर्ने खाद्यान्न किन्न भ्याउँछन् भन्नेसम्म पनि सोच्न सकेका छैनन् ।

कोरोना महामारीमा जेनतेन उपचार भइरहेको बेला अर्को महामारी देखिन थालेको छ । त्यसलाई सामान्य भाषामा ब्ल्याक फङ्गस (कालो ढुसी)को सङ्क्रमण पनि भनिएको छ । तर यो सेतो र पहेंलोसमेत भएको पाइएको छ । यसको सङ्क्रमण कोभिडका साथै मधुमेहले ग्रसित एवं स्टेराइड प्रयोग भएकामा रोगीहरूमा देखिन थालेको छ । यसको मुख्य कारण नेपालमा रोगीलाई मधुमेह र रोग प्रतिरोध क्षमता नहुँदा भएको कुरा सत्य होइन । कोरोना सङ्क्रमण हुनु अगावै मधुमेह भएका एवं स्टेराइड सेवन गरेका व्यक्तिमा यो रोग भेटिएको एउटै समाचार छैन । तर अस्पताल भर्ना भएपछि मात्र यस्ता रोगीहरूमा यो समस्या देखिनुले नै यो सङ्क्रमण अस्पतालमा भइरहेको अनुमान गर्न सकिन्छ । विभिन्न विज्ञहरूको भनाइ अनुसार अक्सिजन चीसो हुने र यसलाई रोगीसम्म पुऱ्याउने उपकरणहरू पुन: प्रयोग गर्दा राम्ररी निर्मलीकरण नगर्नाले हुने गरेको पाइएको छ । यस रोगको औषधि Liposonal Amphoteiacin औषधि व्यवस्था विभागमा दर्ता नभएकोले सहज उपलब्ध नहुने तथा एक भाइलकै ७-८ हजारसम्म पर्ने भनिएको छ ।

कोरोनाका साथै ब्ल्याक फङ्गसबाट समेत दोहोरो मारमा परेको जनताको लागि नेपाल सरकारले बजेट ल्याएको छ । यसले पेट नभरे पनि चटनी वा अचारसम्म त सबैले केही न केही पाएकै छन् । तर देखाइएका आर्थिक सूचकाङ्कहरू किन तथ्यभन्दा टाढा छन् भन्ने कुरा, २०७४ को फागुन महीनासम्म कुल ऋण ८ खर्ब ४३ अर्ब रहेकोमा २०७७ मा ८८.५ प्रतिशतले बढेर १५ खर्ब ८९ अर्ब पुगेको कुराले स्पष्ट पार्दछ । कुल गाहस्थ्र्य उत्पादनमा ऋणको हिस्सा २०७४-०७५ मा २४ प्रतिशत रहेकोमा २०७७ मा ३७.३ प्रतिशत पुगेको छ भने प्रतिव्यक्ति ऋण भार २०७४ मा २५७८९ रहेकोमा अहिले ५२३७५ पुगेको छ । २०७४ देखि २०७७ सम्मको तीन वर्षमा ऋण ७ खर्ब ७६ अर्ब बढेको छ । पूँजीगत खर्च ५ खर्ब ६६ अर्ब मात्र भएकोले ऋणको बाँकी १ खर्ब ८० अर्ब रुपियाँ तलब-भत्तालगायत नियमित शीर्षकमा खर्चिएको छ । आर्थिक वृद्धिदर न्यून नै रहने यस अवस्थामा ल्याइएको यो वितरणमुखी बजेटले कार्यकर्ता पाल्ने र गरीबी बढाउने कार्य मात्र गर्न सक्छ । गत वर्ष पनि यही हाराहारीको बजेट ल्याइएको थियो, जसमा पछि संशोधन गरेर कटौती गरियो । र यस आर्थिक वर्षसम्म आइपुग्दा अधिकांश संशोधित लक्ष्य प्राप्त नभएजस्तै यही सरकार रहिरहने हो भने फेरि त्यस्तै हुनेछ । यो हाम्रो नियमित नियति नै बनिसकेको छ ।

प्रकोप यही समाप्त हुँदैन । अहिले तेस्रो लहरको समेत कुरा भइरहेको छ । जुन अवस्था नेपालमा आज विद्यमान छ त्यसलाई हेरेर म के विश्वस्त छु भने लकडाउन खुल्नासाथ ग्रामीण क्षेत्रहरूबाट शहरतर्फको आवतजावत बढ्नुका साथै कमसेकम नेपालमा तेस्रो लहर फेरि शुरू हुनेछ । गामीण क्षेत्रबाट प्राप्त भइरहेको समाचार सुविधा सम्पन्न शहरभन्दा कति बढी त्रासद होला कल्पना मात्र गर्न सकिन्छ । छिट्टै कतैबाट खोपको व्यवस्था भएन भने तेस्रो लहरले कति विकराल रूप लेला अनुमान गर्न गाऱ्हो छ । यही सरकार रहिरहने हो भने मङ्सिरमा चुनाव हुनेछ । पहिलेको चुनावहरूमा १५-२० अर्बसम्म खर्च हुने सुनेकोमा अब ५०-५५ अर्ब लाग्ने सुन्दा आङ नै सिरिङ्ग भएर आउँछ । यति खर्च गरेर बन्ने सरकार फेरि कति दिन चल्ने हो ? छिटो सरकार परिवर्तन रोक्न एवं प्रतिनिधिसभो विघटन रोक्न गरिएका सबै बन्दोबस्तको अहिले धोती फुस्किसकेकै छ । यो सबै काजक्रिया गरिसक्दा जेठमा अर्को बजेट आउँदा यसपटकको आर्थिक सर्वेक्षणको पुनरावृत्ति हुने निश्चित छ । यस्तैमा अर्को विपत्को सन्देश पनि प्राप्त भएको छ । त्यो के भने यसपालि नेपालमा सामान्य वा औसतभन्दा बढी पानी पर्नेछ । मौसम विभागका अनुसार सुदूरपश्चिम, गण्डकी, कर्णाली र वाग्मती प्रदेशमा औसतभन्दा ३५-६५ प्रतिशत बढी पानी पर्ने सम्भावना छ भने हिमाली क्षेत्रमा वर्षा र हिमपातको सम्भावना ५५-६५ प्रतिशत बढी छ । गत वर्ष औसत पानी पर्दा हायलकायल भएका हामी यसपालि कसरी त्यसको सामना र व्यवस्थापन गर्नेछौं, अर्को चुनौती थपिएको छ ।

# कलेज र रेलमार्ग बजेटमा परेपछि महोत्तरीवासी दङ

महोत्तरी, १८ जेठ/रासस

आगामी वर्षको बजेटमा दुईवटा कलेज र रेलमार्गको कुरा महत्त्वसाथ आएपछि महोत्तरीवासी उत्साहित भएका छन् । गत शनिवार नेपाल सरकारका अर्थमन्त्री विष्णुप्रसाद पौडेलले आर्थिक वर्ष २०७८/७९ का लागि प्रस्तुत गरेको बजेटमा शिक्षा, स्वास्थ्य र यातायातसँग सम्बन्धित ठूलाठूला आयोजना परेपछि जिल्लावासीमा उत्साह देखिएको हो ।

बजेटमा जिल्लाका सडक, खानेपानी, स्वास्थ्य, सिंचाइ र शिक्षा क्षेत्रका विगतका योजनाले निरन्तरता पाएसँगै बर्दिबास मेडिकल कलेज, रेलमार्ग र इन्जिनीयरिङ कलेजजस्ता महत्त्वाकाङ्क्षी योजना परेका छन् । खासमा जिल्ला सदरमुकाम जलेश्वरमा इन्जिनीयरिङ कलेज स्थापना गरिने बजेटको घोषणाले जिल्लाको सुदूर दक्षिणी क्षेत्रमा नयाँ उत्साहको सञ्चार भएको छ ।

"वर्षौंदेखि जिल्ला सदरमुकाम रहेर पनि हाम्रो ठाउँ उपेक्षित रहँदै आएको छ," जलेश्वर नगरपालिका-३ खैराका बासिन्दा शिक्षाशास्त्री उमेश चौधरीले भने, "यसपालि अर्थमन्त्रीले आगामी वर्षको बजेटमा जलेश्वरमा इन्जिनीयरिङ कलेज स्थापना गरिने घोषणा गरेका छन्, यसले जलेश्वरलाई सरकारले सम्झेछ भन्ने परेको छ, घोषणामैं सीमित नहोस् ।"

जलेश्वरमा यसअघि मणिपाल इन्जिनीयरिङ कलेज स्थापना गरिने भनिए पनि कलेजका लागि सस्तो मूल्यमा जग्गा दिएका जलेश्वरवासीको कलेज हेर्ने सपना अधूरै रहेको चौधरीले उल्लेख गरे । मणिपाल कलेज स्थापना गर्ने भनेर दुई दशकअघि किसानसँग सस्तो मूल्यमा जग्गा लिएपछि मणिपालसम्बद्ध कम्पनी काम छाडेर भागेको जलेश्वरवासी सम्झन्छन् । अब सरकारले सोही जग्गा अधिग्रहण गरेर इन्जिनीयरिङ कलेज बनाउनुपर्ने जलेश्वरवासीको सुझाव छ ।

पछिल्ला तीन आर्थिक वर्षदेखि जलेश्वर नगर क्षेत्रका सडक, ढल व्यवस्थापन र खानेपानीका योजनाले राष्ट्रिय बजेटमा ठाउँ पाए पनि निर्माणको जिम्मेवारी पाएका निकाय र कम्पनीहरूको लापरवाहीले यी काम टुङ्गिन सकेका छैनन् । सरकारले बजेटमा केही सम्बोधनको प्रयत्न गरे पनि अनुगमनको पाटो ज्यादै फितलो हुँदा काम देखिन नसकेको नगरवासी बताउँछन् ।

"कामको जिम्मेवारीमा दण्ड र पुरस्कारको व्यवस्था कडाइका साथ लागू नगरे यहाँ जिम्मेवारी लिएर काम नगर्ने बानी छुटाउन गाऱ्हो छ," जलेश्वर-४ सुगाभवानीपट्टिका बासिन्दा पूर्वप्रशासक ८० वर्षीय कृष्णचन्द्र झा भन्छन्, "बजेट भाषणमा परेको इन्जिनीयरिङ कलेजको कुरा भुराभुरी झुक्याउने 'ललिपप' चाहिं नहोस्, काम अघि बढ्ने वातावरण बनोस् ।" यदि यसले गति पाए जलेश्वर नगर र जिल्ला मात्र नभई प्रदेशले नै एक उपलब्धि पाउने झाको विश्वास छ ।

यसरी नै जिल्लाको सुदूर उत्तरी क्षेत्रको बर्दिबासमा एक वर्षभित्र मेडिकल कलेजका लागि जग्गाप्राप्ति र अन्तिम विस्तृत परियोजना प्रतिवेदनको काम सक्ने बजेटमा प्रतिबद्धता जनाइएको छ । आव २०७३/७४ मा सबै प्रदेशमा एक/एक मेडिकल कलेज खोल्ने सरकारी नीति अनुसार आव २०७५/७६ मा विनियोजित बजेटबाट बर्दिबास मेडिकल कलेज पूर्वाधार निर्माण विकास आयोजनाको कार्यालय नै स्थापना भएर केही काम बढे पनि जग्गाप्राप्तिको विषय टुङ्गिन बाँकी नै रहेका बेला बजेटमा भएको घोषणाले बर्दिबास क्षेत्रमा खुशी छाएको हो ।

"बर्दिबास मेडिकल कलेज स्थापनाको कुरा निकै अघि बढेको छ," बर्दिबास नगरप्रमुख विदुरकुमार कार्की भन्छन्, "अहिले बजेटमा जग्गाप्राप्तिको विषय एक वर्षभित्र टुङ्ग्याइने प्रतिबद्धता आएको छ, तालिका अनुसार काम बढे हामी चाँडै भवन निर्माणको चरणमा प्रवेश गर्नेछौं ।" सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तहको समान चासोको कलेज स्थापनाको विषयले मूर्तरूप लिंदै गएको कार्की बताउँछन् ।यसैगरी, मुआवजा प्रकरण नटुङ्गिदा अन्योलमा परेको पूर्व-पश्चिम रेल र बर्दिबास-जनकपुर-जयनगर रेल सञ्चालन र निर्माण कार्यले अब गति पाउने विश्वास जागेको छ । अर्थमन्त्री पौडेलले रेलमार्गका लागि आगामी आर्थिक वर्षमा रु १० अर्ब तीन करोड विनियोजन गरेपछि बर्दिबासमा मुआवजा विवादले अल्झेको रेलमार्ग निर्माणको कामले गति लिने विश्वास बढेको बर्दिबास-१४ का अध्यक्ष भरत हमाल बताउँछन् । "बर्दिबासमा पूर्व-पश्चिम रेल र बर्दिबास-जनकपुर-जयनगर रेलको संयुक्त स्टेशन बन्ने कुरा बर्दिबासकै मुआवजा नटुङ्गिदा अल्झँदै आएको थियो," हमाल भन्छन् ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन: ९८४५११९४४८

# अन्तर्राष्ट्रिय समाचार

## बेलायतद्वारा कोभिडको तेस्रो लहर आउन सक्ने आकलन

लन्डन, १८ जेठ/सिन्हवा

बेलायत सरकारको सल्लाहकारसमेत रहेका एकजना वैज्ञानिकले बेलायत कोभिड-१९ को तेस्रो लहरको पनि चपेटामा पर्न सक्ने भन्दै सरकारलाई चेतावनी दिएका छन्।



बेलायतमा सामाजिक दूरी कायम गर्न राखिएको पोस्टर। फाइल तस्वीरः रायटर्स

उनले बेलायतमा यससँग सम्बन्धित पछिल्लो समयमा तीन हजार ३८३ जना यस्ता नयाँ सङ्क्रमित भेटिएको भन्दै यस्तो अवस्था रहेको बताएका हुन्। तेस्रो लहर ल्याउन सक्ने प्रकारका ब्रिटिश प्रजातिका नयाँ सङ्क्रमितहरू थपिने क्रम जारी नै रहेकोले त्यस्तो अवस्था आएको क्याम्ब्रिज विश्वविद्यालयका प्राध्यापक रवि गुप्ताले बताएका हुन्।

उनले बेलायतको वर्तमान अवस्थाबारे भनेका छन्– हुनत हाल बेलायतमा देखा परिरहेका सङ्क्रमितहरूको सङ्ख्या थोरै छ तर पनि ती सङ्क्रमितहरूलाई भारतमा भेटिएका भारतीय प्रजातिका सङ्क्रमितहरूका कारणले बल पुग्न पनि सक्छ।

यसै कारणले बेलायतमा कोभिडको तेस्रो लहर शुरू हुन सक्ने अवस्था रहेको छ–उनले भनेका छन्। उनले बिबिसीसँग भएको कुराकानीमा सोमवार भनेका थिए कि अहिले बेलायतमा देखिएका सङ्क्रमितको सङ्ख्या अहिलेको लागि थोरैजस्तो लाग्छ तर पछि गएर सङ्ख्या धेरै हुँदै जानेछ।

शुरुमा जुनसुकै भेरियन्ट सानो सङ्ख्यामै देखा परेको थियो र अब तिनै सानोबाट धेरैमा फैलेर अवस्था हिजोको जस्तो हुन पनि सक्छ– उनले भनेका छन्। बेलायतमा दुई महीनाअघि भेटिएको भनिएको कोभिड-१९ को ब्रिटिश भेरियन्टलाई निकै खतरनाक भनिएको छ। रासस

## पाकिस्तानको रावलपिंडीमा बढ्दो गर्मीसँगै खानेपानीको अभाव

रावलपिन्डी, १८ जेठ/एएनआई

तापक्रम बढ्दै जाँदा पाकिस्तानको रावलपिन्डीमा पानीको आपूर्तिमा अभाव देखिन थालेको छ। पानीको अभाव हुनुमा भूमिगत पानीको तह घट्नु र बाँधबाट प्रशस्त आपूर्ति नहुनुलाई कारक मानिएको छ।

खानेपानी तथा सरसफाइ निकाय (वासा) का प्रबन्ध निर्देशक राजा शौकत महमूदले पानीको अभावबारे भने– “गर्मीका कारण पानीको भूमिगत तह घटेपछि वितरणमा कमी भएको हो। रावलपिन्डी शहरमा दैनिक पाँच करोड ९० लाख ग्यालन पानीको आवश्यकता रहेकोमा हाल चार करोड ६० लाख ग्यालन आपूर्ति भइरहेको छ। उनले भूमिगत पानीको सतह ६५० फिट गहिराइमा झरेको छ भने रावल र खानपुर बाँधबाट हुने पानीको आपूर्तिमा गर्मीका कारण उल्लेख्य कटौती हुँदा अभाव बढेको बताए।

प्रबन्ध निर्देशकले भने–“भूमिगत स्रोत र बाँधबाट आउने पानीको स्रोत शहरवासीको पानीको मुख्य स्रोत रहेको र खडेरीका कारण ती स्रोतहरूबाट आवश्यक मात्रामा पानी उपलब्ध नहुँदा समस्या देखिएको रावलपिन्डी शहरका १६ लाख बासिन्दाको पानीको आवश्यकता पूरा गर्न स्थापित ४६० ट्युबवेलहरूबाट माग पूरा गर्न समस्या भइरहेको हो।”

उनले भने–“शहरमा यस पहिले पनि नागरिकले आवश्यकता अनुसार पानी पाइरहेका थिएनन् र खडेरी र गर्मी बढ्दै जाँदा समस्या झन् बढिरहेको छ।

द एक्सप्रेस ट्रिब्युनले महमूदलाई उद्धृत गर्दै भनेको छ–“खानेपानी आयोजनाको पहिलो चरण विगत दुई दशकदेखि थाती छ र बारम्बार समीक्षा गरिए पनि शुरु गरिएको छैन।”

इमरान खानको नेतृत्वमा रहेको पाकिस्तान तेहरीक-ए-इन्साफ (पिटिआई) सरकारको तीन वर्षको अवधिमा पनि यो परियोजना छलफल र बैठकको हिस्सा मात्र रहेको र यसलाई शुरू गर्न कुनै ठोस प्रयास नगरिएको अधिकारीहरूले बताएका छन्।

पाकिस्तानका अन्य शहरी क्षेत्रहरू पनि पानीको सङ्कटमा तीव्ररूपमा पर्दै गएका छन्। अप्रिलमा कराँचीमा ४० डिग्री सेल्सियस तापक्रम पुग्दा पानीको माग बढेको तर तीव्र अभाव भएको बताइएको थियो।

यसैबीच पाकिस्तानको सिन्ध प्रान्तमा गुड्डु ब्यारेजका प्रमुख इन्जिनीयरले यस प्रान्त तथा बाँधमा ६० वर्षमा पहिलो पटक नराम्ररी पानीको अभाव भइरहेको बताउँदै मे र जुनमा धान रोप्न नआउन पाकिस्तानी किसानहरूलाई सल्लाह दिएका थिए।

इन्दु नदी प्रणाली प्राधिकरण (आइआरएसए) ले शनिवार पञ्जाब र सिन्ध प्रान्तहरूमा ३२ प्रतिशत मात्रा कम पठाउने निर्णय गरेको छ। रासस

## भारतमा कोभिड-१९ को सङ्क्रमण दर घट्ने क्रम जारी

नयाँ दिल्ली, १८ जेठ/एएनआई

कोरोना भाइरस महामारीको दोस्रो लहरका कारण सङ्कटमा परेको भारतमा पछिल्ला केही दिनदेखि सङ्क्रमण दरमा कमी आएको छ। पछिल्लो २४ घण्टामा १ लाख २७ हजार ५१० जना थप व्यक्तिमा कोरोना सङ्क्रमण भएसँगै देशभर हालसम्म कुल २ करोड ८१ लाख ७५ हजार ४४ व्यक्ति कोरोना सङ्क्रमित भएका छन्। भारतमा हिजो कोरोना सङ्क्रमितको सङ्ख्या गत ५१ दिन यताको नै कम भएको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले मङ्गलवार जनाएको छ।

भारतमा दैनिक मृत्यु दरमा हिजो केही कमी आएको छ। मन्त्रालयले मङ्गलवार सार्वजनिक गरेको विवरणमा २४ घण्टाको अवधिमा २ हजार ७९५ जनाको कोभिड-१९ सङ्क्रमणबाट मृत्यु भएको उल्लेख छ। योसहित भारतमा हालसम्म कोभिड-१९ सङ्क्रमणबाट ३ लाख ३१ हजार ८९५ जनाको ज्यान गएको छ।

भारतमा हाल कोभिड-१९ का १८ लाख ९५ हजार ५२० व्यक्ति सक्रिय सङ्क्रमित अवस्थामा छन्। यहाँ सक्रिय सङ्क्रमित २० लाखभन्दा कम भएको ४३ दिन यताको पहिलोपटक हो। भारतमा गत मे १० मा सक्रिय सङ्क्रमितको सङ्ख्या उच्च विन्दुमा पुगेको थियो। विगत २४ घण्टामा २ लाख ५५ हजार २८७ व्यक्ति कोभिडबाट सङ्क्रमणमुक्त भएका जनाइएको छ।

भारतमा हालसम्म ३४ करोड ६७ लाख ९२ हजार २५७ व्यक्तिको कोरोना परीक्षण गरिएको सरकारी स्रोतले जानकारी दिएको छ।

**भारतको नयाँ कोभिड भाइरसलाई 'डेल्टा भेरिएन्ट' नामकरण**

जेनेभा, १८ जेठ/एएनआई

विश्व स्वास्थ्य सङ्गठन (डब्ल्यूएचओ) ले भारतमा फैलिएको बी.१.६१७.२ कोरोना भाइरसको प्रकारलाई जनाउने भेरिएन्टलाई 'डेल्टा भेरिएन्ट'का रूपमा पहिचान गराएको छ। भाइरसको नाम उच्चारण सजिलो बनाउन नसक्दा यसलाई सञ्चारमाध्यम तथा जनमानसले भारतीय भेरिएन्टका नामले चिन्दै आएका थिए। डब्ल्यूएचओले सोमवार आफ्नो एक विशेषज्ञ समूहसँग छलफल गर्दै भेरिएन्टको लागि सजिलै–उच्चारण र गैर–कलङ्कित सङ्केत (नाम)हरू प्रयोग गर्न सिफारिश गरेको हो। डब्लुएचओको जारी विज्ञप्तिमा भनिएको छ–“कोभिड-१९ को प्रकारलाई जनाउँदा कुनै देशको नाम उच्चारण गर्दा यसले सम्बन्धित देशको प्रतिष्ठामा आँच आएको गुनासोलाई सम्बोधन गर्दै ग्रीक वर्णमालाका अक्षर अल्फा, बीटा, गामाजस्ता गैर–वैज्ञानिक समूह वा श्रोता तथा दर्शकहरूद्वारा छलफल गर्न सजिलो र अधिक व्यावहारिक हुने अक्षरहरू प्रयोग गर्न सिफारिश गरिएको छ।” रासस

### विपद्मा ............

बैंकले हालसम्म तीन हजारजनालाई खाना/खाजा खुवाइसकेको खाद्य बैंक व्यवस्थापन समितिका संयोजक रेवन्त कार्की बताउँछन्। महोत्तरी-१ 'क' बाट निर्वाचित प्रदेशसभा सदस्य शारदा थापाको अध्यक्षतामा गठित नागरिकस्तरको कोभिड-१९ सङ्कट व्यवस्थापन समितिमा बर्दिबास क्षेत्रका एक दर्जनभन्दा बढी सामाजिक सङ्घसंस्था आबद्ध छन्। खाद्य बैंकको व्यवस्थापनमा सुरक्षा गस्तीमा निस्केका प्रहरी, कोभिड-१९ सङ्क्रमित बिरामी, अस्पतालका चिकित्सक, स्वास्थ्यकर्मी, सरसफाइकर्मी, एम्बुलेन्स चालक, लामो बाटो तय गरिरहेका यात्री, भोका बटुवा र गरीबहरूले भोजन पाइराखेका छन्।

समितिलाई बर्दिबास उद्योग वाणिज्य सङ्घ, बर्दिबास रोटरी क्लब, नेपाल होटल तथा पर्यटन व्यवसायी सङ्घ, बर्दिबास, हेल्प फाउण्डेशन र विभिन्न व्यक्तिले आवश्यक सामग्रीको प्रबन्धमा सहयोग गर्दै आएका अध्यक्ष थापाको भनाइ छ। बर्दिबास अस्पताललाई हालै हेल्भेटास नामक अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले रु १२ लाख बराबरको स्वास्थ्य सामग्री प्रदान गरेको छ।

विपद्का बेला बर्दिबास क्षेत्रमा देखिएको आपसी सहयोग भाव अत्यन्त अनुकरणीय रहेको आम प्रतिक्रिया बढेको छ। बर्दिबासमा देखिएको यो उदात्त सामाजिक सेवाको भाव जिल्लाका अन्य भेगमा अनुकरण हुन सके कोभिड-१९ नियन्त्रण र निषेधाज्ञाबीच भोकाहरूको व्यवस्थापनमा ठूलो सहयोग पुग्ने जिल्लाका पत्रकार बिन्देश्वरीप्रसाद मण्डल बताउँछन्।

## नक्कली प्रहरी पक्राउ

प्रस, रौतहट, १८ जेठ/

नक्कली प्रहरी बनेर रकम ठगी गर्ने एकजना युवकलाई जिल्ला प्रहरी कार्यालय, रौतहटले पक्राउ गरेको छ।

गौर नगरपालिका-२ महादेवपट्टि टोलमा आफूलाई प्रहरी भएको बताउँदै खुला सीमाबाट आवतजावत गर्नेहरूसित अनधिकृत रकम असुली गरिरहेको सूचनाको आधारमा ३० वर्षीय सुशील पटेललाई पक्राउ गरेको जिप्रका रौतहटले जनाएको छ। उनलाई अदालतको आदेशमा थुनामा राखी थप अनुसन्धान भइरहेको सो कार्यालयले जनाएको छ।

## कर्णालीमा ९५ प्रतिशत सङ्क्रमितले कोरोना जिते

कर्णाली, १८ जेठ/रासस

पछिल्लो समय कर्णालीमा कोरोना सङ्क्रमण जित्नेको सङ्ख्या बढ्दै गएको छ। सोमवार मात्र कर्णाली प्रदेशमा ५१२ कोरोना सङ्क्रमित निको भएर घर फर्केका छन्। कर्णालीमा हालसम्म एक लाख १५ हजार ४३३ जनाको कोरोना सङ्क्रमण परीक्षणमा १७ हजार १५० अर्थात् १५ प्रतिशतमा सङ्क्रमण देखिएको छ। सङ्क्रमण देखिएको कुल सङ्ख्यामा ९५ प्रतिशतले कोरोना भाइरस जितेर घर फर्केको स्वास्थ्य सेवा निर्देशनालय कर्णाली प्रदेशका निमित्त निर्देशक डा रविन खड्काले जानकारी दिए।

“पछिल्लो २४ घण्टामा एक हजार ११३ जनाको कोरोना परीक्षण गरिएकोमा २०६ जनामा सङ्क्रमण पुष्टि भएको छ”–निर्देशक डा खड्काले भने– “कोरोना भाइरस सङ्क्रमणबाट भने चारजनाले ज्यान गुमाएका छन्।”

### निषेधाज्ञा.........

खुला सीमा भएको कारण अन्यत्रबाट मानिसहरू भारतीय बजार जाने र सामान खरीद गरेर आउने गरेका छन्।

ठोरी गाउँपालिकामा पनि निषेधाज्ञा उल्लङ्घनका घटना बढ्दैछन्। सार्वजनिक सवारीसाधन निषेधाज्ञाका कारण बन्द रहे पनि निजी सवारीसाधनहरू भने सञ्चालनमा छन्। अन्य पालिकाका मानिसहरू भने अहिले ठोरीमा निर्बाध प्रवेश गर्दैछन्। भारतीय नागरिकहरू पनि खुला सीमाको कारण आउने क्रम बढेको छ। ठोरी क्षेत्रमा भारतीयहरूले आँप, लिची, कटहर बगैंचाको ठेक्का लिएका छन् र अहिले सो प्रयोजनको लागि पनि भारतीयहरूको आवतजावत बढेको छ।

पालिकाका दुईवटा वडामा कडाइ गरिएको छ। वडा नं २ र ५ मा कडाइ भएपनि अन्य वडामा भने निषेधाज्ञामा लुकीछिपी सबै काम भइरहेका छन्। हाटबजार सञ्चालनमा छैनन् तर पसलहरू निर्बाधरूपमा सञ्चालन भइरहेका छन्।

यसैगरी, यो क्षेत्रसँग जोडिएको भारतीय बजारमा गएर सामान किन्ने क्रम पनि कम भएको छैन। दैनिक मानिसहरू भङ्गाहा, इनर्वा बजार जाने र आवश्यकता अनुसारका सामान खरीद गरेर ल्याउने गरेको हाम्रा ठोरी संवाददाता माधव तिमल्सिना बताउँछन्।

निषेधाज्ञा उल्लङ्घन गरेको कसूरमा वीरगंज महानगरपालिकामा सवारीसाधन र मानिसलाई दण्डित गरिंदैछ तर पनि उल्लङ्घनका घटना कम भएको छैन।

### आजको राशिफल

| | |
|---|---|
| मेष – कर्मप्राप्ति | वृष – सफलता |
| मिथुन – अलमल | कर्कट – नारीसुख |
| सिंह – शत्रुभय | कन्या – खिन्नता |
| तुला – भयचिन्ता | वृश्चिक – मित्रमिलन |
| धनु – कान्तिक्षय | मकर – अतिथिआगमन |
| कुम्भ – सुयश | मीन – खर्चवृद्धि |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

# फरक समाचार

## लकडाउन उल्लङ्घन गर्नेलाई अनौठो कारबाई

भारतको मध्यप्रदेशमा कोरोना सङ्क्रमण रोक्नको लागि सडकमा घुमफिर गर्नेलाई कारबाई गर्ने तयारी गरिएको छ। बडवानी जिल्लामा प्रशासनले



विनाकारण घुमेर निषेधाज्ञा उल्लङ्घन गर्नेहरूको भिडियो र फोटो सामाजिक सञ्जालमा भाइरल गर्ने बताएको छ।

बडवानीका कलेक्टर शिवराजसिंह वर्माले भने, एक जूनदेखि जारी भएको लकडाउनको पालना सबैले गर्नुपर्छ। उनले लकडाउन उल्लङ्घन गर्नेहरूको भिडियो बनाएर सामाजिक सञ्जाल र ह्वाट्सएपमा पठाउन सरोकारवालालाई निर्देशन दिए। भिडियो बैठकमा कलेक्टरले सबै राजस्व अधिकारीलाई आदेश दिँदै आआफ्नो क्षेत्रमा लकडाउन पालना गराउनुपर्ने बताए। लकडाउनको अवज्ञा गरेर खुलेका पसलहरूको भिडियो बनाएर ह्वाट्सएपमा पठाएको खण्डमा त्यस्ता पसलेलाई कारबाई गर्ने बताए। उनले पसलमा सामाजिक दूरी, सेनिटाइजरको व्यवस्था, 'पसलमा ग्राहकले मास्क लगाएको छैन भने सामान छैन' जस्ता पोस्टर लगाउन आदेश पनि दिएका छन्।

## लोपोन्मुख जनावर ३ हजार वर्षपछि देखियो

ग्लोबल वार्मिङ र जलवायु परिवर्तनको दुष्प्रभावको कारण जनावरका थुप्रै प्रजाति लोपोन्मुख हुँदैछन् तर अस्ट्रेलियामा ३ हजार वर्षपछि एउटा जनावर देखा परेको बताइन्छ। अस्ट्रेलियाको जङ्गलमा तस्मानिया डेभिल नामक एउटा प्रजाति फर्केको छ। यस प्रजातिको नाम मात्र 'शैतान' हो तर यथार्थमा यो एउटा सानो कुकुरजस्तै जीव हो।



तस्मानिया डेभिललाई करीब ३ हजार वर्षपछि देखेपछि पर्यावरणविद् निकै खुशी छन्। यो प्रजाति देखिनु महत्त्वपूर्ण घटना हो। तस्मानिया डेभिल संसारकै सबैभन्दा ठूलो मार्सुपियल कार्निवोर हो। यसको लम्बाइ ३० इन्चसम्म र वजन २६ पाउण्डसम्म हुन्छ। हालै देखिएको तस्मानिया डेभिल ३ हजार वर्षमा जन्मेको यस प्रजातिको पहिलो जीव रहेको बताइन्छ।

अस्ट्रेलियाको तस्मानियामा डेभिल आर्क सेन्चुरी नामक सानो पहाडलाई बैरिङ्टन टपको नामले पनि जानिन्छ। यहाँका केही अधिकारीले तस्मानिया डेभिलका ७ वटा बच्चालाई एउटा खाल्डोमा देखेका थिए। ती बच्चासँग उसको आमा थिइन। बच्चालाई देखेपछि अधिकारीले यसको जनसङ्ख्या बढ्न सक्ने बताएका छन्। हजारौं वर्ष पहिले ठूलो सङ्ख्यामा शिकारको कारण तस्मानिया डेभिल प्रजाति विलुप्त भएको थियो। जङ्गली कुकुरको प्रजाति डिंगोसले तस्मानिया डेभिलको शिकार गर्दथ्यो। जसले गर्दा डिंगोसको जनसङ्ख्या बढ्यो तर तस्मानिया डेभिल विलुप्त भयो। फेस ट्युमर रोगको कारण पनि यस प्रजातिमा धेरैजसोको मृत्यु भएको थियो।

## मास्क लगाउनेलाई अतिरिक्त रकम

वैश्विक महामारी कोरोना भाइरसबाट जोगिन संसारभरि मास्कलाई महत्त्वपूर्ण मानिँदैछ। तर अमेरिकाको एउटा रेस्टुरेन्टले मास्क लगाउनेमाथि अनौठो नियम लगाएको छ। रेस्टुरेन्टमा मास्क लगाएर आउने ग्राहकले ५ डलर बढी तिर्नुपर्छ। यस नियमलाई लिएर रेस्टुरेन्ट सञ्चालकको भनाइ छ, लकडाउनको कारण सामूहिकरूपमा भएको नोक्सानको भरपाइको लागि ग्राहकले यस्तो भुक्तानी गर्नुपरेको हो।




क्यालिफोर्नियाको मेन्डोकिनामा फिडलहेड क्याफेका मालिक क्रिस कैसलमैनको भनाइ छ, समाजको लागि मास्क लगाउनेहरूले ५ डलर अतिरिक्त तिर्दा कुनै समस्या हुँदैन। यो अतिरिक्त रकम च्यारिटीको लागि दिइनेछ। कैसलमैन भन्छन्, समाजको भलो चिताउने मास्क लगाउनेहरूसँग च्यारिटीको लागि ५ डलर लिनु कुनै ठूलो रकम होइन।

घातक कोरोना भाइरसको सङ्क्रमण फैलिनबाट रोक्नको लागि लगाइएको लकडाउनबाट रेस्टुरेन्टको व्यापार निकै प्रभावित भएको छ। यसको असर कैसलमैनको व्यवसायमा पनि परेको छ। उनले लकडाउनबाट भएको नोक्सानको भरपाइको लागि यस्तो पाइला चालेका हुन्। कैसलमैन व्यक्तिगतरूपमा मास्क लगाउने पक्षमा छैनन्। उनको भनाइ छ, अधिकांश ग्राहकले पनि मजस्तै सोच राख्छन्।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)



कोरोना सङ्क्रमणसँगै पर्सा जिल्लामा निषेधाज्ञा लागू भएपछि मानिसहरू गाउँबाहिर निस्कन सकेका छैनन् । यसै क्रममा पर्सागढी नगरपालिका-४ बर्वाछटैली टोलको चौतारामा बसेर अल्लाह रुदल गीत गाएर सुनाउँदै अब्बास मियाँ र गीत सुन्दै स्थानीयहरू । तस्वीरः नरेश यादव

# वनमा पोखरी खन्दा विरोध

प्रस, पंचगावाँ, १८ जेठ/

जिल्ला डिभिजन वन कार्यालय, पर्साले राष्ट्रिय वन क्षेत्रमा पोखरी खन्न थालेपछि स्थानीयले विरोध गरेका छन् ।



पोखरी खन्ने क्रममा विवाद हुँदै । तस्वीरः प्रतीक

राष्ट्रिय वनबाट निस्केको कुलोबाट स्थानीयले खेतीबाली गर्दै आएको कारण पोखरी खन्दा सिंचाइ प्रभावित हुने भन्दै स्थानीयले विरोध गरेका हुन् ।

डिभिजन वन कार्यालय, पर्साका विकास फाँट प्रमुख रेयाज अन्सारीले पोखरी खन्दा स्थानीयले गर्दै आएको सिंचाइ सुविधा प्रभावित नहुने बताए । उनले स्थानीयलाई चित्त बुझाएर नै पोखरीको काम अगाडि बढ्ने बताए ।

सोमवार जेसिबी लिएर पोखरी खन्न डिभिजन वन कार्यालयको टोली जाँदा स्थानीयले अवरोध गरेपछि पोखरी खन्ने काम अवरुद्ध भएको थियो ।

# एसइई आन्तरिक मूल्याङ्कनबाट गर्ने सरकारको निर्णय

भक्तपुर, १८ जेठ/रासस

दोस्रो लहरको कोभिड-१९ महामारीका कारण सरकारले यस वर्षको माध्यमिक शिक्षा परीक्षा (एसइई) सञ्चालन नगर्ने भएको छ । सोमवार अबेर बसेको मन्त्रिपरिषद् बैठकले कोभिड-१९ महामारीका कारण यस वर्ष एसइई नगर्ने निर्णय गरेको हो। एसइईको नतीजा गत वर्षजस्तै आन्तरिक मूल्याङ्कन विधिबाट सार्वजनिक गरिने भएको छ।

कोरोना महामारीका कारण विद्यार्थीको भौतिक उपस्थितिमा परीक्षा गर्न सकिने अवस्था नरहेको, विद्यालयलाई परीक्षा सञ्चालन गर्न दिंदा विद्यार्थीमा सङ्क्रमण सर्न सक्ने खतरा अत्यधिक रहेको र अनलाइनबाट परीक्षा सञ्चालन गर्दा एसइईमा सहभागी हुने सबै विद्यार्थीमा प्रविधिको पहुँच नपुग्ने भएकोले गत वर्षजस्तै आन्तरिक मूल्याङ्कनबाट नतीजा सार्वजनिक गर्ने निर्णय सरकारले गरेको शिक्षा मन्त्रालयले जानकारी दिएको छ।

कोभिड सङ्क्रमण बढ्दै गएको र बालबालिकालाई थप जोखिम हुने खतरा रहेकोले गत वर्षकै प्रक्रियालाई निरन्तरता दिंदै एसइईको आन्तरिक मूल्याङ्कनबाटै नतीजा सार्वजनिक गर्ने निर्णय सरकारले गरेको हो। मन्त्रालयले सरकारको निर्णय कार्यान्वयनका लागि राष्ट्रिय परीक्षा बोर्डलाई परिपत्र गर्ने भएको छ।

बोर्डले यस वर्ष जेठ १३ गतेदेखि एसइई भौतिकरूपमैं सञ्चालन गर्ने परीक्षा तालिका सार्वजनिक गरे पनि कोभिड महामारीका कारण वैशाख १६ गतेदेखि निषेधाज्ञा जारी भएको र बालबालिकामा सङ्क्रमण बढेपछि सरकारले वैशाख २७ गते एसइई र कक्षा १२ को परीक्षा स्थगित गर्ने निर्णय गरेको थियो । त्यसपछि बोर्डले एसइई सञ्चालन गर्नेबारे शिक्षा विभागका महानिर्देशक वैकुण्ठ अर्यालको संयोजकत्वमा कार्यदल गठन गरेको थियो। कार्यदलले परीक्षाका लागि चारवटा विकल्प प्रस्तुत गरेको थियो।

एउटा गत वर्षजस्तै आन्तरिक मूल्याङ्कन, दोस्रो विद्यार्थीलाई प्रश्नपत्र दिएर अनलाइनबाट परीक्षा दिलाउने, तेस्रो भौतिक दूरी कायम गर्दै बोर्ड आफैंले सञ्चालन गर्ने वा विद्यालयलाई परीक्षा सञ्चालनको जिम्मा दिने र चौथो भारतजस्तै परीक्षा नै नगरी आन्तरिक मूल्याङ्कन गर्ने र कक्षा ११ को प्रवेश परीक्षामा कडाइ पार्दै विद्यार्थीले कक्षा १२ को परीक्षा दिंदा कडाइ गर्ने विकल्प पेश गरेको बोर्डले जानकारी दिएको छ।

यस वर्ष बोर्ड र प्याब्सनका केही पदाधिकारीले भने विद्यालयलाई परीक्षाको जिम्मा दिनेगरी निर्णय गर्न जोड दिएका थिए, तर विद्यालयलाई जिम्मा दिंदा विद्यार्थीमा सङ्क्रमण फैलिए त्यसको जिम्मेवारी को हुने भन्ने सवाल खडा भएको बताइएको छ । यस वर्ष देशभरिबाट करीब पाँच लाख १७ हजार विद्यार्थी एसइईको तयारी गर्दैछन्। गत वर्ष कोरोना महामारीका कारण एसइईका परीक्षार्थीलाई विद्यालयले गरेको आन्तरिक मूल्याङ्कनका आधारमा बोर्डले नतीजा दिएको थियो।

# स्वास्थ्य केन्द्र भवनको शिलान्यास

सञ्जीव मिश्र, विन्दवासिनी, १८ जेठ/

विन्दवासिनी गाउँपालिकाको वडा नं १ गर्दौलमा स्वास्थ्य चौकी भवनको शिलान्यास गरिएको छ । स्थानीय नागरिक अगुवा गौरीशङ्कर साहले आफ्नो हकभोगमा रहेको एक कट्ठा ऐलानी जग्गा अस्पताललाई हक हस्तान्तरण गरेपछि सोही जग्गामा भवन शिलान्यास गरिएको हो ।

केन्द्रीय सरकारको ३९ लाख रुपैयाँ अनुदान सहयोगमा स्वास्थ्य चौकी निर्माण हुन लागेको विन्दवासिनी गाउँपालिकाका अध्यक्ष श्रीलाल साह मोदीले बताए । उपभोक्ता समितिमार्फत जनश्रमदानसमेत गरेर निर्माण गरिने भवन दुई महीनाभित्र सम्पन्न हुने सो वडाका अध्यक्ष महम्मद सागिर मियाँले जानकारी गराए ।



स्वास्थ्य चौकी भवनको शिलान्यास गरिंदै । तस्वीरः प्रतीक

उपभोक्ता समितिका अध्यक्ष उमेशप्रसाद साहको अध्यक्षतामा भएको शिलान्यास कार्यक्रममा नागरिक अगुवा अच्छेलाल मेहतालगायतको सहभागिता थियो ।

# परवानीपुर ट्राफिकमा सुधार भएन

प्रस, परवानीपुर, १८ जेठ/

परवानीपुर प्रहरी चौकीमा खट्ने ट्राफिक प्रहरीमा सुधार आएको छैन । वीरगंज भन्सार कार्यालय, आइसिपी र सुक्खा बन्दरगाहबाट वीरगंजका विभिन्न उद्योगका लागि जाने कच्चा पदार्थलगायतका सामग्री ढुवानी गर्ने सवारीसाधनहरूसँग परवानीपुरमा कार्यरत ट्राफिक प्रहरीले अवैध असुली गरिरहेका छन्।

प्रतिसवारीसाधन रु ५ सय अनधिकृतरूपमा माग गर्ने र रकम नदिने सवारीसाधनलाई विभिन्न आरोप लगाएर जरिवाना गर्ने गरेको सवारीचालक र उद्योग सञ्चालकहरूले गुनासो गरेका छन्।

परवानीपुर ट्राफिक प्रहरीमा कार्यरत श्यामबलि महतोलाई जिल्ला ट्राफिक प्रहरी कार्यालय, पर्साले यसै प्रकारको अनधिकृत गतिविधि गरेपछि तानेको थियो



तस्वीरः प्रतीक

तर अहिले गएका प्रनानि कमल नेपालीले पनि सोही प्रवृत्तिलाई दोहोऱ्याउन शुरू गरेका छन्। ट्राफिक प्रहरी जवान रवि चौरसियाले उद्योगहरूको कच्चा पदार्थ ढुवानी गर्ने सवारीसाधनसँग महीनावारी तथा दैनिक रकम माग गर्ने र सोविपरीत जाने सवारीसाधनको कागजपत्र खोसेर दण्ड जरिवाना गरी दुःख दिने गरेका छन्।

यससम्बन्धी थुप्रै गुनासा अहिले आउन थालेका छन्। केहीले अनधिकृत जरिवाना गरेको प्रमाणसमेत देखाएका छन्।

# हिमालय एयरलायन्सले चीनबाट कोभिडविरुद्ध खोप ल्याउँदै

काठमाडौं, १८ जेठ/रासस

नेपाली र चिनियाँ संयुक्त लगानीमा सञ्चालित हिमालय एयरलाइन्सले निश्शुल्क कोभिडविरुद्धको खोप ढुवानी गर्ने भएको छ । चिनियाँ सरकारले अनुदानस्वरूप नेपाल सरकारलाई दिएको १० लाख मात्रा खोपमध्ये हिमालयले दुई लाख मात्रा खोप निश्शुल्क ढुवानी गर्ने भएको हो ।

उक्त खोप चार उडान तथा अवतरणमार्फत ल्याइने एयरलायन्सका वरिष्ठ उपाध्यक्ष विजय श्रेष्ठले जानकारी दिए । उनका अनुसार पहिलो खेपको खोप आज बिहान १०५ बाकस काठमाडौं ल्याइसकिएको छ। चीनको कुनमिङबाट ल्याइएको उक्त खोप आज बिहान ६:२८ बजे त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा आइसकेको छ।

दुई लाख मात्र खोप ४१७ बाकसमा राखिएको जनाइएको छ। बाँकी खोप लिन हवाईजहाज बुधवार पुनः चीन जानेछ। चार निश्शुल्क कार्गो उडान सञ्चालन गर्दा एयरलायन्सले अमेरिकी डलर एक लाख ९२ हजार अर्थात् नेपाली रु दुई करोड २५ लाख बराबरको आर्थिक योगदान गर्ने श्रेष्ठले जानकारी दिए।

कोभिडको महामारीको शुरूदेखि नै एअरलाइन्सले नेपाल सरकार र नेपाली जनतालाई सहयोग गर्दै आएको छ । सहयोगस्वरूप यसअघि एअरलाइन्सले सरकारको कोभिड-१९ नियन्त्रण कोषमा रु एक करोड जम्मा गरेको थियो ।




# विपद्मा मन फुकाउँदै मनकारी

महोत्तरी, १८ जेठ/रासस

कोभिड-१९ महाव्याधि र त्यसलाई छल्न जिल्लामा जारी निषेधाज्ञाबीच महोत्तरीको बर्दिबास क्षेत्रमा महाव्याधि प्रतिकार्यमा बढेको सहयोगले राहत दिएको छ। आपद्का बेला मन फुकाएर सहयोग गर्ने थपिंदै गएपछि महाव्याधीसँगैको निषेधाज्ञामा सर्वसाधारणले राहत पाएका छन् ।

बर्दिबास अस्पतालमा कार्यरत स्वास्थ्यकर्मीको सुरक्षाका लागि विभिन्न संस्था र व्यक्तिले स्वास्थ्य सामग्री प्रदान गरेसँगै बिरामीको सघन उपचारका लागि लगातार अक्सिजनको सहयोग हुँदै आएको छ । "हामीलाई सामान्यतया सर्जिकल मास्क, पञ्जा, सेनिटाइजर र फेसशिलसहितका सुरक्षा सामग्रीको अभाव खट्केको छैन," अस्पतालका जनस्वास्थ्य निरीक्षक तथा बर्दिबास नगरपालिकाको स्वास्थ्य शाखाका कोभिड-१९ व्यवस्थापन केन्द्रका स्रोत व्यक्तिसमेत रहेका रामबाबू यादवले भने, "लाग्दो जेठदेखि हामीले सञ्चालनमा ल्याएको आइसोलेशनमा यहाँका मनकारी व्यक्ति र संस्थाले अक्सिजनको अभाव पनि हुन दिनुभएको छैन ।"

जताततै अक्सिजनको अभावले उपचार प्रभावित भएको खबर प्रवाहित भइरहेका बेला बर्दिबास-१ का व्यापारी उमेश साहले ५० सिलिन्डर अक्सिजन उपलब्ध गराएपछि अस्पतालले कोभिड-१९ सङ्क्रमितका लागि सघन उपचार सेवा शुरू गरेको थियो । "हामीले सेवा शुरू गरेपछि अक्सिजनको अभाव खेप्नुपरेन," जनस्वास्थ्य निरीक्षक यादव भन्छन्, "एकपछि अर्को सेवा पाइरहेका छौं।" हिजो सोमवार मात्र श्रेष्ठ इलेक्ट्रिक बर्दिबासका सञ्चालक सन्तोष श्रेष्ठबाट ४२ सिलिन्डर अक्सिजन प्राप्त भएको अस्पतालले जनाएको छ ।

यसअघि रेडक्रस बर्दिबास उपशाखाले ४० सिलिन्डर अक्सिजन उपलब्ध गराएको थियो। "जसले आफ्नो आर्थिक सामर्थ्यले जति सकेका छन्, मन फुकाएर सहयोग गरेका छन्," अस्पतालका निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा सुनीलकुमार दाहाल भन्छन्, "स्वास्थ्य सामग्री वा अक्सिजनको अभाव भए हामीलाई भन्नोस् है भन्नेको लामो पङ्क्ति छ ।" अस्पतालले सम्झनासाथ त्यस्ता सामग्री आउने गरेको डा दाहाल बताउँछन् ।

केही दिनअघि मात्र हेल्प फाउन्डेशन बर्दिबासमा आबद्ध बर्दिबाका उत्साही युवाले महाव्याधिका बेला अग्रपङ्क्तिमा रही काम गर्ने जिल्लाका पत्रकारलाई सहयोग पुगोस् भन्ने उद्देश्यका साथ नेपाल पत्रकार महासङ्घ, महोत्तरी शाखाको विपद् व्यवस्थापन कोषमा रु ५० हजार दिएका छन् । यो कोषमा बर्दिबास-१४ स्थित होटल गौतमका कामदारले आफ्नो तलबबाट रु ५१ हजार ७३५ थपे । त्यसैगरी, बर्दिबास-१ स्थित होटल विनायकका सञ्चालक विष्णु खड्काले ३१ हजार रकम कोषमा दिएको महासङ्घ महोत्तरी शाखाका अध्यक्ष कमलेश मण्डलले बताए । यसबाहेक बर्दिबासमा नागरिकस्तरबाट गठित कोभिड-१९ सङ्कट व्यवस्थापन समिति र होटल विनायकका सञ्चालक खड्काबाट पर्याप्त स्वास्थ्य सामग्री पनि प्राप्त भएको मण्डलको भनाइ छ ।

यसैगरी, होटल विनायकका सञ्चालक खड्काले सीमा सुरक्षामा खट्ने सशस्त्र प्रहरीलाई कोभिड-१९ महाव्याधिबाट बचन पूर्वसुरक्षा र सतर्कताका लागि आफैंले सशस्त्र प्रहरी बल, प्रदेश-२ कार्यालयमा स्वास्थ्य सामग्री पुऱ्याए। खड्काले प्रदान गरेको सामग्रीमा सात हजार थान सर्जिकल मास्क, दुई हजार थान गोदरेज साबुन, ५०० थान पञ्जा, ४० लिटर सेनिटाइजर, १०० थान फेससिल, २० थान पकेट सेनिटाइजर र एक थान अटोमेटिक सेन्सर सेनिटाइजर मेशिन रहेको सशस्त्र प्रहरी बल, प्रदेश-२ कार्यालय छिन्नमस्ता वाहिनी बर्दिबास-४ महोत्तरीले जनाएको छ ।

यस्तै, गत वर्ष बर्दिबास नगरपालिकाले सञ्चालन गरेको कोभिड-१९ विरुद्धको अभियानमा क्वारेन्टाइनमा दैनिक ४५ जना सरदर बसेकालाई स्वास्थ्य सामग्रीसँगै एक महीनासम्म दैनिक चारपटक खाना/खाजा खुवाएको बर्दिबासवासी सम्झन्छन् । "जताततै क्वारेन्टाइनमा खानपान र बसोबासको राम्रो प्रबन्ध भएन भन्ने गुनासो चुलिएका बेला खड्काले उत्कृष्ट सेवा दिनुभएको थियो," त्यतिखेर क्वारेन्टाइनमा रहेका बर्दिबास-१३ बिजलपुरा भेडियारीटोलका प्रमोद राउतले भने, "म त क्वारेन्टाइनबाट निस्कँदा त्यहाँको खानपानले तगडा भएको थिएँ ।"

विसं २०७८ मा दोहोरिएर कोभिड-१९ सङ्क्रमण बढेसँगै बर्दिबासमा नागरिकस्तरमैं कोभिड-१९ सङ्कट व्यवस्थापन समिति गठन गरेर सहयोग जुटाउने र आपत्कालीन सामग्री उपलब्ध गराउने काम हुँदै आएको छ। समितिले कोभिड-१९ प्रभावित बस्तीमा स्वास्थ्यकर्मीको टोली पुऱ्याउने, स्वास्थ्य सचेतताका सामग्री उपलब्ध गराउने, अक्सिजन सिलिन्डरको व्यवस्था गर्नेदेखि खाद्य बैंक नै सञ्चालनमा ल्याएर भोकाहरूलाई खाजा र खाना दिंदै आएको छ ।

जेठको शुरूमैं सञ्चालनमा आएको

(बाँकी तेस्रो पातामा)